स्थानीय सरकार

# रुवी भ्याली गाउँपालिका

ཨ་ཅུ་པི་ རྦུ་ལི་ གཞུང་པ་ལིག།

# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

बागमती प्रदेश,नेपाल

पत्र संख्याः ०८२।०८३ मितिः २०८२।११।०४

च. नं.

**विषयः आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सम्बन्धमा ।**

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु

रुवी भ्याली गाउँपालिका ,धादिङ ।

प्रस्तुत विषयमा रुवी भ्याली गाउँपालिकास्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा समितिको मिति २०८२/१०/१५ मा बसेको बैठकको निर्णयनुसार शैक्षिक वर्ष २०८२ को (कक्षा ८) उत्तीर्ण परीक्षाको समय तालिका बमोजिम तय गरिएको हुँदा यस गाउँपालिका अन्तर्गत कक्षा ८ सञ्चालित सबै विद्यालयहरुले परीक्षामा सहभागी हुने विद्यार्थीहरुको आवेदन फाराम तपसिल बमोजिम भरी/भराई मिति २०८२ साल माघ मसान्तभित्र गाउँपालिकाको शिक्षा युवा तथाद खेलकुद शाखामा पेस गर्नहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**तपसिलः**

- विद्यार्थीको वैयक्तिक विवरण जन्मदर्ता अनुसार ( अङ्ग्रेजी र नेपाली दुबैमा ) छ/छैन,सो को यकिन गरी विद्यालयको IEMIS मा अद्यावधिक गर्नको लागि सर्वप्रथम http://emis.cehrd.gov.np मा गई User name मा आफ्नो विद्यालयको IEMIS Code र Password राखी सर्वप्रथम Log In गरेपछि Dashboard खुल्छ । Student Record अन्तर्गत Student information मा click गर्ने । year 2082,Class 8 select गरी Load मा Click गर्ने । विवरण जन्मदर्ता अनुसार मिल्नुपर्दछ । सच्याउनु पर्ने अवस्था छ भने Action अन्तर्गत edit मा Click गरी सच्याउन सकिने छ । सिम्बोल नंम्बर कायम गरिसकेपछि विद्यार्थी विवरण सच्याउन नमिल्ने हुँदा विवरण यकिन गरेर मात्रै फाराम पेस गर्नुपर्नेछ ।
- विद्यार्थीको परिक्षा फराम भर्नको लागि सबै विद्यार्थीहरुको विवरण सच्याईसकेपछि Manage Exam अन्तर्गत Application Form मा गई Click गरी Year 2082 र Class 8 select गरी Load मा click गर्ने साथै विषय र विवारण सही भए /नभएको यकिन गरी form प्रिन्ट गर्ने ।
- विद्यार्थीको Admit Card निकाल्नको लागि Dasboard को Admit Card मा Click गरी २ प्रति प्रिन्ट गर्ने ।
- माथि उल्लेख गरिएका सबै काम गरिसकेपछि विद्यार्थीको प्रवेशपत्र, समष्टिगत विवरण,कक्षा ७ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी,जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र ३ प्रति पासपोर्ट सहितको फोटोसहित (आवेदन फराममा १ प्रति र दुईवटा प्रवेशपत्रमा २ प्रति फोटो टाँस गरी प्रधानाध्यापकको अनिवार्य रुपमा प्रमाणित गर्ने तथा इमिसमा विद्यार्थीको फोटो अपलोड गरेको हकमा फोटो बुझिने गरी कलर प्रिन्ट गरेर प्रमाणित गरी पेस गर्न सकिने) तोकिएको समयभित्र शिक्षा,युवा तथा खेलकुद शाखामा बुझाउन हुन अनुरोध छ ।

"खनिज, जडिबुटी, पर्यटन, जलश्रोत र विपद प्रतिरोधी पुर्वाधारः सुन्दर रुवी भ्यालीको आधारः"

इमेलः rubyvalleymun2017@gmail.com, वेवसाइटः rubivalleymun.gov.np. फेसबुक साइटः rubyvalleymun

स्थानीय सरकार

# रुवी भ्याली गाउँपालिका

༄། །རུ་བི་ ཧྲུ་ལི་ གཞུང་པ་ལིག་།།

# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ

बागमती प्रदेश,नेपाल

परिक्षा समय तालिकाः

समयः ठिक १२ : ४५ बजेदेखि

| मिति | बार | विषय | कैफियत |
|---|---|---|---|
| २०८२/१२/४ | बुधबार | अङ्ग्रेजी | |
| २०८२/१२/५ | बिहिबार | नेपाली | |
| २०८२/१२/६ | शुक्रबार | विज्ञान तथा प्रविधि | |
| २०८२/१२/७ | शनिबार | विदा | |
| २०८२/१२/८ | आइतबार | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | |
| २०८२/१२/९ | सोमबार | गणित | |
| २०८२/१२/१० | मंगलबार | स्वास्थ्य,शारीरिक तथा सिर्जनात्मक कला | |
| २०८२/१२/११ | बुधबार | Grammar | |

........................
उत्तम लाल तामाङ
शिक्षा शाखा प्रमुख

........................
छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत



CamScanner